# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### ढल्केवर, धनुषा

# शिक्षा, युवा तथा खेलकुद शाखा

### प्रदेश नं. २, नेपाल

प.सं. - २०७७/०७८

चलानी नं. - १०६ मिति - २०७७।०९।२०

श्री सबै सम्बन्धित विद्यालयहरू,
मिथिला नगरपालिका, धनुषा ।

**विषय : विद्यालय सञ्चालन/थप कक्षा अनुमति सम्बन्धमा ।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७८ का लागि विद्यालय सञ्चालन तथा थप कक्षा अनुमति लिन इच्छुक सामुदायिक तथा संस्थागत विद्यालयहरूले शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिमको पूर्वाधार पुरा गरी नियम ३ को ढाँचामा देहायको कागजात सहित माघ ६ सम्म यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. शिक्षा नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन ।
२. कार्यालयको राजस्व शाखाको भौचर ।
३. वडा कार्यालयको सिफारिस ।
४. नजिकको समान तहको २ वटा सामुदायिक विद्यालयको सिफारिस ।
५. विद्यालय व्यवस्थापन समितिको निर्णय ।
६. तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपी ।
७. कम्तिमा ३ वर्षसम्म निजीश्रोतमा सञ्चालन गर्ने वि.व्य.स.को प्रतिबद्धता (सामुदायिकको हकमा) ।
८. शैक्षिक नक्सा ।
९. शिक्षक नियुक्ति तथा शैक्षिक योग्यताको प्रतिलिपी (नियमावली अनुसार)
१०. जग्गाधनी प्रमाण पूर्जा (सामुदायिकको हकमा) ।
११. कम्पनीको प्रमाण-पत्र, प्रबन्ध पत्र, विनियमावलीको प्रतिलिपी (संस्थागतको हकमा) ।
१२. कक्षा १ सञ्चालन गर्नको लागि शैक्षिक गुठीमा दर्ता भएको विधानको प्रतिलिपी (संस्थागतको हकमा) ।
१३. विद्यालयको प्रस्तावना पत्र, पञ्चवर्षीय कार्ययोजना, विद्यालय सुधार योजना ।
१४. पाठ्यपुस्तक तथा शूल्क विवरण, कर चुक्ता प्रमाण पत्र (संस्थागतको हकमा) ।
१५. घर भाडामा भए जग्गा धनीको प्रमाण पूर्जा र सम्झौताको प्रतिलिपी (संस्थागतको हकमा) ।

बोधार्थ

श्री सूचना प्रविधि शाखा वेवसाइट तथा फेसवुक पेजमा अपलोड गर्नु हुन ।

सीता कुमारी काफ्ले
शाखा अधिकृत

शाखा अधिकृत

Email Address- mithilaedu2074@gmail.com, Facebook page -MinapaShikshaShakha